स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

लामखुट्टेको टोकाईबाट बच्नु नै डेंगु रोगबाट बच्ने सर्वोत्तम उपाय :

- पूरा शरीर ढाकिने गरी कपडा लगाउने ।
- सुतेको समयमा लामखुट्टेको टोकाईबाट बच्न अनिवार्य झुलको प्रयोग गर्ने ।
- घर वरपर वा खेतबारीमा काम गर्दा लामखुट्टेको टोकाइबाट बच्ने ।
- झ्याल र ढोकामा जाली लगाई बन्द राख्ने ।
- लामखुट्टे उत्पन्न हुन नदिन घर वरपर सफा राख्नुका साथै पानी जम्न नदिने ।
- अचानक ज्वरो आए, नजिकैको स्वास्थ्य चौकीमा सम्पर्क गरी उपचार गर्ने ।

लुम्बिनी प्रदेश सरकार

गृह मन्त्रालय

राप्ती उपत्यका (देउखुरी), नेपाल



अभिनेता प्रदीप खड्का र नव-अभिनेत्री दिव्या रायमाझीले फिल्म 'एक्टर'को छायांकन सुरु गरेका छन् । पोखरास्थित बिन्ध्यवासिनी मन्दिरमा शुक्रबार पूजाआजा गरेपछि फिल्मको छायांकन सुरु गरिएको हो । फिल्मको पहिलो सट प्रदीप र दिव्याले दिएका छन् । पोखरामा १० दिन छायांकन हुने निर्माता थमन कुमार भण्डारीले जानकारी गराए । त्यसपछि बाँकी छायांकन काठमाडौंमा हुनेछ । राजन भुसालको डेब्यु निर्देशनमा बन्न लागेको फिल्ममा प्रदीप र दिव्यासहित राजबल्लभ कोइराला, दिव्यदेव, आना शर्मा, सुशील सिटौला लगायतको अभिनय रहनेछ ।

आजको विचार...



जगन्नाथ पन्त

पौराणिक ...

(दुई पेजमा)

फिल्म 'मनसरा'ले बक्स अफिसमा अपेक्षाकृत व्यापार गर्न सकेको छैन । फिल्मको व्यापार कछुवाको गतिमा छ । यद्यपि, पहिलो हप्ता फिल्मले सुखद अंक जोडेको छ । एक हप्तामा फिल्मले ३ करोड २० लाख कमाएको निर्माण टिमको दाबी छ ।



❒ वर्ष २९ ❒ अंक २८१ ❒ २०८१ वैशाख २९ गते शनिबार 11 May 2024, Saturday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### रिब्दीकोटमा विष्फोटक पदार्थ भेटियो



**पाल्पा,** वैशाख २८/जिल्लाको रिब्दीकोट गाउँपालिका- मैदीस्थित सोमर सामुदायिक वन नजिकै विष्फोटक पदार्थ भेटिएको छ । स्थानीयले कालिका मन्दिर परीसर सरसफाई गर्ने क्रममा मन्दिरदेखी ५० मिटर टाढा लालिगुराँसको फेदमा बिस्फोटक पदार्थ भेटाएका हुन् ।

उनीहरुले बिस्फोटक पदार्थ जस्तो देखिने वस्तु फेला परेको भनि प्रहरीलाई खबर गरेका थिए । खबर लगत्तै इलाका प्रहरी कार्यालय मुझुङबाट प्रहरी नायव निरीक्षकको कमाण्डमा खटिएको प्रहरी टोलीले अनुसन्धान गरी उक्त स्थान सुरक्षित राखेको थियो ।

अनुसन्धानपछि जिल्ला प्रहरी कार्यालय पाल्पाबाट प्रहरी निरीक्षक र दि फेमस महेन्द्र दल गण नागपोखरी व्यारेकबाट उप-सेनानीको कमाण्डमा खटिएको सुरक्षाकर्मीको टोलीले शुक्रबार बिष्फोटक पदार्थ डिस्पोज गरेको छ । उक्त घटनाको विषयमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

# गुल्मीमा उपभोक्ता ठग्दै गुड उद्योग

# उखुको भन्दै भेलीको गुड विक्री

रामचन्द्र रायमाझी

**पाल्पा,** वैशाख २८/गुल्मीको छत्रकोट गाउँपालिकामा सञ्चालित गुड उद्योगहरुले शुद्ध उखुको भन्दै भेलीको गुड विक्री गर्ने गरेको तथ्य भेला परेको छ । छत्रकोट -४ अगाह क्षेत्रमा सञ्चालित गुड उद्योगहरुले उपभोक्तालाई भेलीको गुड विक्री गर्ने गरेको तथ्य फेला परेको हो ।

शुक्रबार जिल्ला प्रशासन कार्यालय गुल्मीका प्रमुख प्रशासकिय अधिकृत दिनेश ज्ञवालीको नेतृत्वमा गएको बजार अनुगमन टोलीले यहाँका अगाह, मनबाक र रिडी बजार क्षेत्रमा उखुको भन्दै भेलीको गुड खुलमखुलारुपमा बेच्ने गरेको फेला पारेको छ । अगाहमा सञ्चालित १२ वटा उद्योगहरुले बुटवलबाट भेली ल्याई शुद्ध उखुको भन्दै बेच्ने गरेका छन् । उनीहरुले उखुको खुँदोबाट बनाइएको लेवल लगाएर उपभोक्तालाई सिधै ठग्ने गरेको पाइएको छ । उपभोक्ताहरुले व्याकेट बाहिर लेखिएको हेरेर नै गुड किन्ने गरेका छन् । ति गुड २ सय ५० देखि ३ सयसम्म विक्री हुँदै आएको छ । भेलीबाट बनाएको गुडलाई उखुको शुद्ध भन्दै उद्योगहरुले विक्री गर्ने गरेको गोप्य



सूचना प्राप्त भएपछि अनुगमन गरिएको अनुगमन टोलीका संयोजक तथा जिल्ला प्रशासन कार्यालयका प्रमुख प्रशासकिय अधिकृत ज्ञवालीले बताए । उनले भने 'यहाँका १२ वटा उद्योगहरुले मनोमानी ढंगले उपभोक्ता ठग्दै आएका छन् । उनीहरुले उखुबाट बनाइएको गुड भन्दै भेली र चिनी मिसाएर गुड उत्पादन गरी विक्री गर्ने गरेको फेला पार्‍यौं ।' पहिलो चरणमा सम्झाई बुझाइ उत्पादन बन्द गर्न भनेको संयोजक ज्ञवालीले बताए । उनले भने' अहिलेलाई उत्पादन बन्द गर्न भनेका छौं, यति विक्री नै गर्ने हो भने भेलीको लेवल लगाएर विक्री गर्न सुझाएका छौं ।' उद्योगहरुले गुड अस्वस्थकर रुपमा उत्पादन समेत गर्ने गरेको पाइएको छ । उनीहरुले अव्यवस्थित तरिकाले बाखा, कुखुराको खोर, गाइ, भैसी बाध्ने गोठमा राखेर गुड उत्पादन गर्ने गरेको तथ्य समेत अनुगमन टोलीले फेला पारेको छ । जथाभावी फोहोर भएका ठाउँहरुमा गुड उत्पादन गर्ने गरेको अनुगमन टोलीका संयोजक ज्ञवालीले बताए । उनका अनुसार गुड नै अस्वस्थकर रहेको छ । केही उद्योगहरुले दर्ता समेत नगरी सञ्चालन गरेका छन् । अबैध रुपमा सञ्चालनमा आएका यी उद्योगहरुलाई एक हप्ता भित्र सबै प्रक्रिया पुरा गर्न अनुगमन टोलीले आग्रह गरेको छ । शुक्रबार ३ वटा उद्योगमा अनुगमन गरिएको थियो । अनुगमन टोलीले नविन गुड उद्योग, भावना गुड उद्योग र कपिल गुण उद्योगमा अनुगमन गरेको हो ।

तीनवटै उद्योगले उखुको भन्दै भेलीको गुड विक्री गर्ने गरेको, उत्पादन गर्ने ठाउँ अत्यन्त फोहोर र अव्यवस्थित रुपमा राखेको पाइएको छ । गत सोमबार यहाँका ८ वटा उद्योगमा समेत अनुगमन गरिएको थियो । उनीहरुको अवस्था पनि उस्तै रहेको अनुगमन टोलीले जनाएको छ । यहाँ उत्पादन भएका गुड तम्घास, रिडी, पाल्पा, बुटवलसम्म विक्री हुँदै आएको पाइन्छ । अनुगमन टोली रिडी बजारमा समेत अनुगमन गरेको हो । त्यहाँका अधिकांस पसलहरुमा भेलीबाट उत्पादन भएका तिनै उद्योगका गुड विक्री हुने गरेको समेत फेला परेको छ । जिल्ला प्रशासन कार्यालयका प्रमुख प्रशासकिय अधिकृत ज्ञवालीको नेतृत्वमा घरेलु कार्यालय गुल्मीका प्रमुख सुरेन्द्र भण्डारी, करदाता सेवा कार्यालयका कर अधिकृत सुरज बस्याल, राष्ट्रिय अनुसन्धान कार्यालय गुल्मीका अनुसन्धान अधिकृत श्यामकुमार गौतम, इलाका प्रहरी कार्यालय रिडीका प्रहरी निरीक्षक आशिष थापा लगायतको टोलीले उद्योग तथा बजारको अनुगमन गरेको थियो ।

गुल्मीको रुरु क्षेत्र गाउँपालिका ३ अन्तर्गत रहेको थोर्गा गाउँ उखु खेतीको लागि प्रख्यात मानिन्छ । त्यहाँका किसानहरूको मुख्य आम्दानी नै उखु हो । उनीहरुले उखु पेलेर खुदो र गुड बनाउने गर्छन् । त्यहाँको गुडले देशभर राम्रै बजार समेत पाएको छ । तर केही अपवादका उद्योगहरु भने उखुबाट गुड उत्पादन गर्ने किसानहरुसँगै प्रतिस्पर्धा गर्ने नाममा भेलीबाट उत्पादन गरी उपभोक्ता ठग्दै आएका छन् । उखुका लागि जिल्लाकै पकेट क्षेत्र मानिएका बलेटक्सार, थानपति, थोर्गा, हर्दिनेटा, दिगाम र हुँगाका किसानले उखुबाट खुदो, गुड र सखर उत्पादन गरेर बिक्री गर्दै आएका छन् ।

## कालीगण्डकी नदीमा युवकको शव फेला



**पाल्पा,** वैशाख २८/जिल्लाको रामपुर नगरपालिका-८ भुजातस्थित कालीगण्डकी नदी किनार एक युवकको शव फेला परेको छ । स्याङ्जाको चापाकोट नगरपालिका-९ बैडीका ३० वर्षीय दुर्गाबहादुर थापाको शव विहिबार नदीमा फेला परेको हो ।

उनी पाँच दिनदेखि घरबाट हराएका थिए । नदी किनारमा थापाको शव फेला परेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक सुगन्ध श्रेष्ठले जानकारी दिए । स्थानीयले नदी किनारमा शव देखेपछि प्रहरीलाई खबर गरेका थिए ।

खबर लगत्तै इलाका प्रहरी कार्यालय रामपुरबाट प्रहरी निरीक्षकको कमाण्डमा खटेको प्रहरी टोलीले प्रारम्भिक अनुसन्धानपछि शव पोष्टमार्टमको लागि रामपुर अस्पतालमा पठाईएको छ । घटनाका विषयमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

### सदनमा काँग्रेसको अडान

# संसदीय छानबिन समिति नबनेसम्म सदन अगाडि बढ्न नदिने

**पाल्पा,** वैशाख २८/प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेसले संसदीय छानबिन समिति गठन गर्ने अडान कायमै राखेको छ । सहकारीको रकम हिनामिना प्रकरणमा संसदीय छानबिन समिति गठन गर्नुपर्ने मागलाई सदनमा काँग्रेसले कायमै राखेको हो ।

शुक्रबारको प्रतिनिधिसभाको बैठकमा सहकारीको बचत अपचलनबारे संसदीय छानबिन समिति गठनको माग गर्दै काँग्रेसले अवरोध गरेको छ । संसद्को अधिवेशन सुरु भएको दिन नै काँग्रेसले बैठकमा आृनो कुरा राखेर बैठकको नियमित कारवाही अघि बढाउन नदिएको हो । काँग्रेस महामन्त्री गगन थापाले प्रतिनिधि सभाको बैंठकमा बोल्दै संसदीय छानबिन समिति



गठन नगर्दासम्म कुनै कारवाही अघि बढ्न नदिने घोषणा गरे । गृहमन्त्री रवि लामिछानेका बारेमा अनेक प्रमाण रहेकोमा उनले महान्यायाधिवक्ताको कार्यालयलाई दुरुपयोग गरेको थापाले बताए । उनले उपप्रधानमन्त्री लामिछानेले सहकारी ठगी गरेको प्रमाण रुपन्देही प्रहरीले त्यहाँको जिल्ला अदालतमा बुझाएको अनुसन्धान प्रतिवेदनमा स्पष्ट उल्लेख गरिएको दाबी समेत गरे ।

महामन्त्री थापाले सरकार र सत्तारुढ दलहरूकै नेतृत्वमा छानबिन समिति बनाउने भएकाले त्यसमा डराउनुपर्ने कुनै कारण नभएको पनि बताए । उनले भने,'नेपाली कँग्रेस सदन चल्नुपर्छ भन्ने कुरा गम्भीर छ । विधेयकहरू पारित होस् । लगानी सम्मेलन सजिलो होस् । धेरै कुरामा गम्भीर भयौं ।

...बाँकी अन्तिम पेजमा

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
जनचेतना

# सम्पादकीय

## दल विभाजनको औचित्य

पछिल्लो समय नेपालमा दल विभाजन राजनीतिक दलहरुको स्थापित चरित्रकै रुपमा विकास हुँदै गएको छ । विशेष गरी सत्ताकै लागि दलहरु जुट्ने र फुट्ने परम्परा जस्तै बनेको छ । जसको पछिल्लो उदाहरण बन्न पुगेको छ जनता समाजवादी पार्टी नेपाल । यो दल एक सातामै तीन टुक्रामा विभाजित भएको छ । उपेन्द्र यादवको नेतृत्वमा रहेको जसपा नेपालबाट छुट्टिएर बिहीबार प्रा.डा.महेन्द्र लावतीको संयोजकत्वमा पहिचानवादी मोर्चा गठन गरिएको छ । आइतबार मात्रै यादवबाट अलगिएर अशोक राई समूहले जनता समाजवादी पार्टी गठन गरेका थिए । यादवको स्वच्छाचारी प्रवृत्तिले पार्टी भताभुंग भएर टुक्राटुक्रामा विभाजित हुन पुगेको विभाजित नेता राई र लावतीको भनाइ छ । तर, उपेन्द्र यादवले पार्टी फुटको कारण व्यक्तिगत स्वार्थ रहेको प्रष्टीकरण दिइरहेका छन् । जसपा नेपालको महाधिवेशनको संघारमा उक्त दल विभाजित हुनुलाई अहिले निकै अर्थपूर्णसमेत मानिएको छ । यसको प्रत्यक्ष प्रभाव सत्ता गठबन्धनमा पर्ने स्थिति रहे पनि त्यसबाट मधेश प्रदेशको सरकारसमेत बच्न सक्ने छैन, जसलाई दीर्घकालीन असरका रुपमा समेत हेरिँदै छ ।

प्रधानमन्त्री प्रचण्ड र नेकपा एमालेका अध्यक्ष केपी ओलीले आफ्नो सत्ता टिकाई राख्न जसपा फुटाएको भनेर सर्वत्र चर्चा गरिएको छ । राजनीतिक अस्थिरताकै बीच दल फुटाउनु राम्रो होइन । टुटफुटको दलीय चरित्रबाट जनता वाक्क भएको समयमै फेरि निराशा थप्ने बाहेक दलहरुको अर्को काम हुन सकेन । दल टुक्र्याएकाहरूसँग विभाजनको खास कारण छैन । तथापी तत्कालको लाभहानिकै लागि र सत्ता राजनीतिकै फोहोरी खेलमा लम्पट हुँदा यो अवस्था आएको कुरालाई भने नकार्न सकिदैन । सरकारमा छँदाछँदै र फेरि पनि सत्तामै बसिरहने लोभले यादवसँग छुट्टिएर अशोक राई र प्रा.डा.महेन्द्र लावतीको समूह विभाजित त भयो तर उनीहरूको कदमले सत्ता समीकरणलाई बलियोभन्दा धर्मर नै बनाउने निश्चित छ । दलहरुको आ–आफ्नै स्वार्थ भए पनि विभाजनले देश र जनताका लागि राम्रो गर्दैन । यसले हाल विद्यमान अस्थिर राजनीतिको चक्रव्यूहलाई थप बढवा दिएको छ । यसर्थ अहिलेको अवस्थामा दल विभाजनको कुनै औचित्य छैन ।

### Opinion @ Social Network

मलाई यस्तो बटुवा हुन् मन छ,
जस्को पाईलाको डोपहरु गएर बाटो बनोस् ।
(*सुजित रेगामीको फेसबुक स्टाटस https://www.facebook.com/ Sujit.Regami*)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ। यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# पौराणिक र पर्यटकीय महत्वको तपोभूमि रेसुङ्गा



जगन्नाथ पन्त

**भौगोलिक परिचय :**
समुन्द्र सतहदेखि २३४७ मिटर उचाईंमा अवस्थित छ रेसुङ्गा लुम्बिनी प्रदेशको गुल्मीमा पर्दछ । गुल्मीको सदरमुकाम तम्घासको शिरमा अवस्थित रेसुङ्गा साविकका १४ गाविस हाल रेसुङ्गा नगरपालिका, मुसिकोट नगरपालिका ,दरवार गाउँपालिका र इस्मा गाउँपालिकामा समेत पर्दछ । खजसको मुख्य भाग तम्घासमा पर्ने भएकाले नै होला तम्घास गाविस र आसपासका क्षेत्र मिलाइ नगरपालिका बनाउँदा पालिकाको नाम रेसुङ्गा राखिएको हो । तम्घास बजारबाट रेसुङ्गा महापोखरीसम्म कालोपत्रे सडक यातायातको सुविधा छ । तल्लो रेसुङ्गा र गौशालासम्म पुग्ने सामान्य सडक सुविधा समेत छ । महापोखरीबाट आाधुनिक सिडी चढ्दै आधा घण्टाको उकालो हिडाइ गरी सजिलै त्यहाँ पुग्न सकिन्छ । पाल्पाको तानसेनदेखि हार्थोक-जोर्ते-अर्गली-रिडी वा तानसेन-रानीमहल-अर्गली-रीडी-श्रृङ्गा हुँदै तम्घास, रीडी-खज्याङ् -चारपाला गुल्मी दरवारको सडक हुँदै उक्त क्षेत्रमा पुगिन्छ । कपिलवस्तुको गरुसिंगेहुँदै अर्घाखाँचीको सुपादेउराली - सन्धिखर्क - छत्रदेव तम्घास हुँदै पनि पुगिन्छ । सालझण्डी -खज्याङ- गुल्मी दरवार हुँदै पनि जान सकिन्छ । तानसेन-पाणीनी तपोभूमि-सन्धिखर्क -छत्रदेव वा सन्धिखर्क -गफुङ्गा - पुर्कोटदह ढोरपाटन सडक समातेर सिमलटारी-तम्घास हुँदै पनि जान सकिन्छ । प्युठान-पुर्कोटदह-तम्घास, बागलुङ्गा विभिन्न भागबाट वामीटक्सार हुँदै पनि पुग्न सकिन्छ । काठमाडौंबाट सिधा हवाई उडान गरी ५० मिनेटमा रेसुङ्गा एयरपोर्ट अवतरण गरेर पन्ध्र मिनेट गुडेपछि पनि पुगिन्छ रेसुङ्गा । काठमाडौंदेखि रेसुङ्गा हप्तामा सामान्यतया चार फ्लाइटको सुविधा छ ।

**रेसुङ्गाको पौराणिक महत्व :**
महर्षि विभाण्डकका छोरा महर्षि ऋष्यशृङ्गले तपस्या गरेको पवित्र स्थान हो रेसुङ्गा । ऋष्यशृङ्ग तपोभूमि नाम कालान्तरमा अपभ्रंश भै रेसुङ्गा रहन गएको हो । त्रेता युगका थिए ऋष्यशृङ् । रेसुङ्गामा तपस्या गरी सिद्धि प्राप्त गरेका थिए र महर्षि कहलिएका थिए । कुनै वर्ष पुस माघमा अत्याधिक हिमपात भै बस्न असहज हुँदा तीन घण्टा जति पैदल पूर्व दुरीमा रहेको डाँडोमा बसी समेत तपस्या गरेकाले श्रृङ्गा भन्ने नामरहन गएको धार्मिक स्थान समेत छ । हाल रुरु गाउँपालिकामा श्रृङ्गा धार्मिक स्थल पर्दछ । जहाँ बलेटक्सार बजार वा धरमपोखरा सडकबाट पन्ध्र मिनेट पैदल उकालो जंगलका बीचमा छ । सडक यातायातमा श्रृङ्गा भनेर लेखिएको ठाउँ भने छत्रकोट गाउँपालिका पर्दछ । यसरी श्रृङ्गा रुरु र छत्रकोट गाउँपालिकाको सीमाना विन्दुमा रहेको छ । ऋष्यशृङ् महर्षि सिद्ध महापुरुष थिए । उनी योगि, तपस्सि र सिद्धि प्राप्त गरेका वैदिक र यज्ञिंक थिए । त्रेता युगका विषय अहिले श्रृति, पुराण र ऐतिहासिक विषय ज्ञान वा विश्वासका विषय हुन । त्रेता युगमा अयोध्याका राजा दशरथ निसन्तान हुँदा निकै चिन्तित थिए । रेसुङगामा वडो तपस्यी सिद्ध महर्षि छन् भन्ने थाहा पाएर दशरथले ऋष्यशृङ्गबाट पुत्रेष्टी यज्ञ गर्ने संकल्प गरेछन् । ऋष्यशृङ्गले गरिदिएको पुत्रेष्टि यज्ञको फल (पायस) खाएपछि दशरथका रानीहरु गर्भवती भई राम, भरत, लक्ष्मण र शत्रुघ्नको जन्म भएको पौराणिक कथन छ । पायसलाई अमृत पनि भनिन्छ । अमृत मृतसंजीवनी हो नजन्मेकालाई जन्माउने, जन्मेकालाई अमर बनाउनेर र मरेकालाई समेत पुनर्जीवित बनाउछ अमृतले । कुनै पुजाआजामा पञ्चामृत चढांउने र खाने चलन अहिले पनि छ नि । कौशिल्या रानीको भागमा फल अलि परी राम जन्म भएका, कैकेयीबाट भरत, सुमित्राबाट जुम्ल्याहा शत्रुघ्न र लक्ष्मणको जन्म भयो । अहिले पनि पुत्र नहुनेले हरिवंश यज्ञ लगाउने चलन जुन छ त्यो त्यही पुत्रेष्टी यज्ञको सुनि सुनाइ देखासिखी हो भन्न सकिन्छ । यसमा वैज्ञानिक विश्वास के पनि गरिएको पाइन्छ भने रेसुङ्गामा अनेकौ अमुल्य जडिबुटी थिए । निसन्तानलाई बाँझोपन निवारण गर्ने जडिबुटिबाट औषधि बनाएर ऋष्यशृङ्गले राजा दशरथ र उनका रानीहरुलाई यज्ञको प्रसाद भनि खान दिएका र सन्तान प्राप्ति गर्न सके । रेसुङ्गा छ र ऋष्यशृङ्ग सिद्ध महर्षि भए, महर्षि ऋष्यशृङ्ग थिए र राम जन्मे। रेसुङ्गा विना अयोध्या अधुरो छ ।

**रेसुङ्गाको धार्मिक महत्व :**
सनातन धर्म मान्यता अनुसार जम्मा २७ वटा देव गिरी छन् । त्यस मध्यको एउटा महत्वपूर्ण देव गिरी रेसुङ्गा हो । यस देव गिरीमा देवी, देवताहरुले विचरण गर्छन् भन्ने विश्वास रहि आएको छ । यज्ञशाला, सीता राम मन्दिर, बाल सिद्ध स्थान, विष्णु पादुका, महापोखरी, गौशाला, सानो रेसुङ्गा, सावनी, मनकामना मन्दिर, शशिधर स्वामीको आश्रम, रेसुङ्गा मठ, राम कुवा प्रमुख स्थान रेसुङ्गाका धार्मिक पहिचान हुन । रेसुङ्गा गोविर्ता हो । स्वामी शशिधरले तपस्या गरेको स्थान हो रेसुङ्गा । अहिले पनि उनको पुरानो आश्रमका अवशेष देख्न सकिन्छ । उनको पुरानो कुटिलाई जिर्णोद्धार गरि संरक्षण गरिएको छ। स्वामी शशिधरले जोसमनि संप्रदायको स्थापना गरेका थिए । तत्कालिन समाजमा महिलालाई मनुष्य जस्तो मानवोचित व्यवहार नहुने र जातिय छुवाछुतको भेदभाव रहेको समयमा लैंगिक विभेद र जातिय छुवाछुत विरुद्ध बुलन्द रुपमा अभियान चलाएका थिए स्वामी शशिधरले जोसमनि संप्रदाय खडा गरेर । उनका लाखौं अनुयायीहरु नेपाल, भारतको गढवाल, राजस्थान, वर्मा, श्रीलंका सम्म फैलिएका थिए भनिन्छ । शशिधरका पुत्र पनि महाप्रभु कहलिएका थिए । महाप्रभु आवाल ब्रह्मचारी लक्ष्मी नारायणले सानो कुण्ड सिद्ध पोखरीलाई वि.सं. १८८३ मा विस्तार गरी महापोखरी निर्माण गरे । धेरै तिर्थहरुको जल मिसाइएको उक्त पोखरीमा साउनको महिनाभरी स्नान गरेमा पुण्य मिल्ने जन विश्वास रहेकाले रेसुङ्गामा साउनमा विशेष धार्मिक मेला लाग्ने गर्दछ । शशिधरका भाई बुद्धिधर, बुद्धिधरका छोरा छविलाल, छविलालका छोरा ठाकुर प्रसाद समेत रेसुङ्गाका तपस्वि थिए । कमलापति नामका तवस्विले पनि रेसुङ्गाको श्रीबृद्धि गरेको पाइन्छ । कालिमाटी काठमाडौंका यदुकानन्दले पनि रेसुङ्गामा तपस्या गरी महाप्रभु भएका थिए । महाप्रभु यदुकानन्दले वि.सं. १९८३ देखि २०२१ साल सम्म रेसुङ्गामा यज्ञहरु लगाएका थिए रे । उनले नै यज्ञशाला र राधाकृष्ण मन्दिर निर्माण गरेका हुन भन्ने छ । ऋषिशृङ्गलाई भेट्न राम र लक्ष्मण रेसुङ्गा गएको वर्णन पनि पाइन्छ । अग्लो देवगिरी रेसुङ्गामा पानीको अभाव रहेछ । रामले वाण हानेर पानी निकाली दिएको राम कुवा अहिले पनि छ । राम कुवामा ग्रिष्म ,वर्षा या हिउँद सधै एक स्तरमा पानी रहन्छ । ननिकाले पनि पानीको स्तर बढ्दैन, जति निकाले पनि घट्दैन,त्यसको जल सेचन, सेवनले अदाध्ये रोग र पिडा समन हुने विश्वास रहि आएको छ । हालको तम्घास बजार समिपमा चरिखोला छ । लक्ष्मणले वाण हानी पानी निकाली उक्त स्थानमा जल उत्पन्न गराएको भन्ने पनि कथन रहेको छ । सिद्धस्थानको नामले चिनिने वाल सिद्ध मन्दिर शिवजीको वाल स्वरुप मन्दिर हो । यहाँ राती एक्लै बसेर शिव आराधना गर्दा भगवान शिवको साक्षात् दर्शन पाइन्छ भन्ने जनविश्वास छ। वि.सं. २०४२ सालमा योगी नरहरीनाथ जसलाई महर्षिकल्प र राष्ट्र योगीको उपमाले समेत सम्बोधन गरिन्छ उनले कोटी होम यज्ञ गरेका र गौशाला शुरुवात गरेका थिए । रेसुङ्गा एक देव गिरी, तपोभूमि, सिद्ध भूमि, यज्ञ भूमि, राम लक्ष्मणले टेकोको भूमि, देवि देवताले विचरण गर्ने भूमि पुरातात्विक संरचना भएकाले यसको धार्मिक महत्व अवर्णणीय छ ।

**रेसुङ्गाको पर्यापर्यटकीय महत्व :**
हिउँद यामको पुस माघमा रेसुङ्गा हिउँले सेताम्मे हुन्छ । बसन्त ऋतुमा लालिगुराँस फुलेर पुरै रेसुङ्गा मनमोहक हुन्छ । यहाँबाट अन्नपूर्ण हिम श्रृंखलाको मनोरम दृश्यावलोकन गर्न सकिन्छ । धौलागिरी हिमाल टलटल समिपमा टल्किएको देख्न सकिन्छ । मनास्लु, माछापुच्छे , माना पाथी हिमाल पुरै देखिन्छ । रेसुङ्गा वनमा अनेकौ वनस्पति, जडिवुटि छन् । चितुवा, रतुवा र अनेक जंगली जनावर देख्न पाइन्छ । रंगि विरंगी धेरै प्रजातिका चरा चुरुङ्गी हेर्नु छ भने रेसुङ्गा जान छुटाउनु हुँदैन । तम्घास बजार वा गौडाकोटबाट पैदल उकालो ट्रेकिंगको आनन्द अवर्णनीय छ । महापोखरीदेखि यज्ञशालासम्म ९९४ वटा आधुनिक फराकिला पश्तरले निर्मित सिडी चढ्दै, छेउमा लगाइएका फलामे बार समाउँदै बीच बिचमा स्टिलका बेन्चहरुमा विश्राम गर्दै विचरण गर्दाको क्षण अविस्मरणीय हुन्छ । तिर्खा लागेमा बीचमा राम कुवाको जलले प्यास मेटाउन सकिन्छ । अझ बसन्त ऋतुमा लाली गुराँसका फूल हेर्दै र सुगन्ध लिदै हिड्दाको आनन्द त कति छ कति । यज्ञशालादेखि सिद्ध स्थान सम्म पुग्दा वा भ्यूटावर सम्म पुग्न थप ३५२ भन्दा वढी सिडी पार गर्नुको ट्रेकिंगको रमाइलो जति माथितर्फ गयो त्यति बढ्दै जान्छ । भ्यू टावर चढेर तम्घास बजार, रिडी खोला, अर्घाखांची, बाग्लुङ सम्मका दृष्य हेर्दा मन आनन्द विभोर हुन्छ । गौडाकोटदेखि सिमीचौर बीचमा रेसुङ्गाबाट झरेका मनोरम झरना देख्न पाइन्छ । आधा शताव्दी पहिले गोरखपुरमा रेलगाडी कुदेको र गोरखनाथ मन्दिर देखिन्थ्यो रेरेसुङ्गा चुचुरोबाट । अहिले पनि मौसम खुलेको समय परे राम्रो खालको वाइनाकुरल (दुरविन) बाट हेर्दा बुटवल बजार र रुपन्देहीका समथर भाग र लुम्बिनी समेत ठम्याउन सकिन्छ । रेसुङ्गापार्क पर्यटकीय आकर्षण स्थल बन्दै गएको छ । रेसुङ्गा नगरपालिकाको पहलमा निर्माण भएको यो पार्क दृष्यावलोकन गर्न, स्वच्छ अक्सिजन लिन, घाम ताप्न, शितल छहारी लिन, तस्विर खिच्न र विविध मनोरञ्जन गर्न, बनविहार गर्न अनुपम छ । तम्घास बजारबाट नजिक रहेकाले यस पार्कमा पुग्न सहज छ ।

**रेसुङ्गा संरक्षण समीति र रेसुङ्गा**
२०४२ सालमा योगी नरहरि नाथले कोटि होम यज्ञ गरी २०२१ सालपछि सुस्ताएको रेसुङ्गा जगाएका थिए । तर रेसुङ्गाको महिमा र चर्चा घट्दै जाने हो कि भन्ने चिन्ता थपिदै थियो । तत्कालिन १४ पञ्चायत छुने क्षेत्र समेट्दै समाजसेवीहरुले गठन गरेको रेसुङ्गा संरक्षण समीति २०५५ सालमा जिल्ला प्रशासन कार्यालयमा दर्ता भएको छ । बजेट अभाव र अधिकारको अभाव खेप्दै संरक्षणमा बामे सर्न थाल्यो संरक्षण समिति । यदुकानन्दले राणा सरकारको सहयोग समेत जुटाइ मासिक ५ सय पुजा खर्च बन्दोवस्त मिलाएकामा निज २०१९ सालमा विरामी परि उपचार गर्न हिड्नु भएको, तम्घास सदरमुकाम भएपछि गोविर्ता अतिक्रमण पर्छ भन्ने चिन्ता दर्शाउनु भई रेसुङ्गाका सर सम्पत्तिपछि फिर्ता गर्ने शर्तमा विभिन्न व्यक्तिलाई जिम्मा दिनु भएकोमा ति व्यक्तिहरुले फिर्ता नदिएका, नियमित पुजा बन्द भई अलपत्र परेकोमा संरक्षण समितिले पुजा पाठ पुन सुचारु गरेको हो । रुद्रबहादुर भुजेल अध्यक्ष भै २०६९ सालसम्म धेरै काम गर्नु भयो ।उपाध्यक्ष सुरेश चन्द्र भुसालको समन्वय र सक्रियतामा तथा तत्कालिन सिडिओ नेत्र प्रसाद शर्माको सहयोगमा २०६० सालमा वाचन शिरोमणी नारायण प्रसाद पोखरेलबाट यज्ञ र कथा वाचन गराइ ३१ लाख वचत भएको रकमले रेसुङ्गा मोटरबाटो र नारायण स्मृति भवन निर्माण गरिएको थियो ।२०७० सालदेखि अहिले सम्म सुरेश चन्द्र भुसाल अध्यक्षको रुपमा कार्यरत हुनुहुन्छ । २०७० सालमा यज्ञशालाको जिर्णोद्धार गरि पित्तलले छानो छाउने, थाम फेर्ने, ढुङ्गा छाप्ने काम भयो । रेसुङ्गा संरक्षण समितिका सबै पदाधिकारी र सदस्यहरु थप सक्रिय हुँदै गएका कारण भू संरक्षण कार्यालयको सहयोगमा महापोखरी समिप २० हजार लिटर क्षमताको पानी ट्याङकी निर्माण, ६ सय मिटरमाथि ४० हजार क्षमताको पानी ट्याङ्कि निर्माण गरी सोलार प्यानल जडान गरी यज्ञशाला क्षेत्रमा पानी सहज गराइएको छ ।...**बाँकी तीन पेजमा**

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : शुभकार्यको चर्चा चल्नेछ । बित्तिय संस्थाबाट सहयोग पाईनेछ । | **तुला** :आफन्तको सहयोग प्राप्त हुनेछ । आफ्नो क्षेत्रमा प्रभूत्व जमाउन सकिनेछ । |
| **वृष** :आफूलाई कमजोर भएको अनुभूति हुनेछ, महत्वपूर्ण अवसर गुम्न सक्नसक्छ। | **बृश्चिक** :आज पढाइमा बाधा आउनेछ, यात्रामा सावधानी अपनाउनु पर्नेछ । |
| **मिथुन** :आज सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । बैदेशिक कार्य अघि बढ्नेछ । | **धनु** : साहित्यिक क्षेत्रमा रुची बढ्ने र धार्मिक यात्राको योग पनि छ । |
| **कर्कट** :सुन्दर पहिरनले ब्यक्तित्वमा निखारता ल्याउनेछ, नयाँ कार्य बन्नेछ । | **मकर**: कार्य सम्पादनमा सहजता मिल्नेछ, सफल यात्रा पनि हुनेछ । |
| **सिंह**: जग्गाजमीनको कारोबार र शेयर बजारबाट राम्रो प्रतिफल मिल्नेछ । | **कुम्भ** : कष्टकर यात्रा गर्नुपर्ला वैदेशिक क्षेत्रको कार्य सहजै अघि बढ्नेछ । |
| **कन्या** : अचल सम्पत्ती हात पर्ने योग छ । शुभ समाचार पनि सुन्न पाइएला । | **मिन** : आँटेको र ताकेको कार्य पुरा होला, राज्यबाट मान सम्मान पाइनेछ । |

# साहित्य दर्पण

जीवनी — पुष्कर अथक रेग्मी

## प्रा. डा. ढकालको महाप्रस्थान



माता दिव्यलक्ष्मी ढकाल र पिता चूडामाणि ढकालको सुयोग्य कनिष्ठ पुत्ररत्नको रुपमा प्रा.डा. वेणीमाधव ढकालको जन्म लुम्बिनी प्रदेश पाल्पा जिल्ला रिब्दीकोट गाउँ पालिका ठिमुरेपोरकनीमा वि.सं. २००६ साल पौष २६ गतेका दिन गएको हो । पण्डित पिताजी चूडामणि ढकालबाटै विद्यारम्भ गरेका वेणीमाधवले वाल्यवस्थामै विभिन्न स्तोत्र चण्डी पाठ, रुद्री श्राद्ध पद्धति, गीता तथा वेदपाठ घरमै बसी कण्ठ पारिसकेका थिए ।

ब्रतवन्ध पच्छात एघार वर्षकै उमेरमा काका भुवनेश्वरसंग भारतको ऋषिकेश गएका ढकालले नेपाली संस्कृति महाविद्यालयबाट पूर्वमध्यमा, गढ्वाल विश्वविद्यालयबाट वीए, सम्पूर्णानन्द संस्कृत विश्वविद्यालयबाट साहित्य र दर्शनमा आचार्य गरी नेपाल संस्कृत विश्वविद्यालयवाट वि.सं. २०४९ सालमा विद्यावारिधि गरेका थिए । निग्न माध्यमिक, माध्यमिक शिक्षक हुदै केही समय सम्म प्रधानाध्यायक समेत रहेका ढकालले भारतको विभिन्न विद्यालय र महाविद्यालयहरूमा समेत अध्यापन गर्दै वि.सं. २०३३ सालदेखि नेपाल सरकारको गृहमन्त्रालय मातहत अधिकृतको रुपमा सेवारत रहे । नेपाल संस्कृत विश्वविद्यालयका प्राध्यापक, वाल्मीकि विद्यापीठ काठमाण्डौ साहित्य शिक्षण विभागका विभागाध्यक्ष, नेपाल संस्कृत विश्वविद्यालय अनुसन्धान केन्द्र काठमान्डौका कार्यकारि निर्देशक, नेपाल संस्कृत विश्वविद्यालय सेवा आयोगका अध्यक्ष समेतको कार्यसम्पादन कुशलता पूर्वक निर्वाह गरी सेवानिवृत जेष्ठ जीवनयापन गरिरहेका डा. ढकाल विभिन्न प्रशंसा, कदर, सम्मान, पुरस्कार तथा पदकहरूद्वारा विभूषित भएका थिए । महेन्द्र विद्याभूषण राष्ट्रिय प्रतिभा पुरस्कार, पाणिनी पुरस्कार, जयतु संस्कृतम पुरस्कार, शिक्षा पुरस्कार, प्रेमस्वरूप गोमा त्रिणठी वाङ्मय सम्मान, बलराम जोशी ज्ञानविज्ञान पुरस्कार, छविलाल नेपाल पाल्पाली पुरस्कार, कुलमणि देवकोटा प्रतिभा पुरस्कार, प्र दधिराम स्मृति प्रतिभा सम्मान, तोमनाथ पांडेय पशुपति कुमारी स्मृति सम्मान, माधव प्रसाद देवकोटा प्रतिभा पुरस्कार, धवल दीर्घ साधना पुरस्कार लगायत गरी दुई दर्जन भन्दा बढी सम्मान एवं पुरस्कारहरुद्वारा अभिनन्दित भएका थिए ।

शैलेश (खण्डकाव्य), जय ज्योतिष्मती मुमा(नव्यकाव्य), पृथूदयम (महाकाव्यांश), अर्जुन शोककाव्य, दिव्यलक्ष्मी स्मृतिकाव्य (शोककाव्य) रश्मिप्रभास (महाकाव्य), त्रिशूल प्रहार (नाटक), शक्तिमाता लीलादेवीजीकी जीवनी, स्वर्गद्वारीके महाप्रभु (जीवन चरित्र), अमरसिंहथापाजीवन चरितम (खण्डकाय) ढकालद्वारा लिखित मौलिक कृतिहरु हुन् । धर्मविज्ञान (१-४ खण्ड), श्रीगणेशपुराणम, विवाहपद्धति, निर्णयसिन्धु, अन्हिक सूत्रावली, श्रीमद्देवी भागवत, अतिरिक्त देवगायत्री मन्त्र र जपप्रकिया, पुराणको सार आदि ढकालद्वारा अनूदित अमूल्य ग्रन्थहरू हुन् । हरिकेलिनवनीतम, काव्यदीपिका, श्रीकार्तवीर्योदय (मकरन्द आदि टीका सन्दर्भ ग्रन्थ हुन भने डा.ढकालद्वारा लिखित संस्कृतका दर्जनौ पाठ्य पुस्तकहरू र केही एकल सम्पादित ग्रन्थहरु समेत सार्वजनिक भइसकेका छन । करीव चार दर्वन भन्दा बढी कृतिहरू प्रकाशित भइसकेका डा.ढकालका अझै पनि करीब दुई दर्जन कृतिहरू अप्रकाशित अवस्थामै





यस्ता अप्रकाशित कृतिहरूमा उपन्यास, महाकाव्य, खण्डकाव्य नाटक, कविता, निवन्ध र समालोचनाहरू रहेका छन् । नेपालका महापण्डित दधिराम मरासिनीको जीवन र योगदानबाट अभिप्रेरित एवं दर्शन शिरोमणि मिनप्रसाद नेपाल जस्ता विद्वानहरूबाट आशिर्वाद प्राप्त डा.ढकालले नेपाल (महेन्द्र) संस्कृत विश्वविद्यालयबाट 'लिच्छवि कालिन नाम भिलेखानां साहित्यि कमनु शीलनम्' शीर्षकमा विद्यावारिधि प्राप्त गरेपछि उनको विद्धता अझै चुलिदै गयो र प्रा.डा. नारामण प्रसाद खनालद्वारा 'प्रज्ञाधोतित संस्कृतमनीषी प्रा.डा. वेणीमाधव ढकाल' भनी उपयुक्त विशेषण प्रयोग गरेपश्चात नेपाली र संस्कृत वाङ्मयको क्षेत्रमा मूर्धन्य शैक्षिक साहित्यिक व्यक्तत्व एवं शिक्षाविदको रुपमा प्रतिष्ठापित भए ।

प्रा. डा. नारायण प्रसाद खनालले प्रा.डा.ढकालको जीवनी व्यक्तित्व र कृतित्वको सन्दर्भमा संस्कृत वाङमयका रचयिता पाल्पाली प्रतिमा, नेपाली साहित्य एवं कलाका क्षेत्रमा परिचित पाल्पाली प्रतिभा, पाल्पाका अनुसन्धाता, लेखक, समीक्षक, संस्कृतिनिष्ठ संस्कृतिको प्रचार प्रसारमा समर्पित उच्चशिक्षित प्रतिभा, पाल्पाका शिक्षासेवी र संस्कृतिका साधन एवम उच्च बौद्धिक व्यक्तित्व भनी परिभाषित गरेका छन् ।

शैक्षिक, प्रशासनिक, सामाजिक एवं आध्यात्मिक व्यक्तित्वसंगै बहुमुखी साहित्यिक व्यक्तित्वको रूपमा प्रतिष्ठापित प्रा.डा. वेणीमाधव ढकाललाई कुशल शिक्षक, प्राध्यापक, प्रशासक, स्रष्टा, द्रष्टा, अनुसन्धाता, शोध निर्देशक, शोधविज्ञ, समीक्षम्ह लेखक, भूमिका लेखक अनुवादक, टीकाकार, सिद्धहस्त लेखक, काव्यकार, सम्पादक, विशिष्ट कार्यपत्र प्रस्तोता, बहुभाषाविद सहित विशिष्ट प्रकाण्ड विद्वानको रूपमा चिन्न सकिन्छ । प्रा.डा.ढकालका योगदान र कृतिहरू नेपाल र नेपालीका अमूल्य नीधिहरू हुन । नेपाली र संस्कृत वाङ्मयको श्रीवृद्धिका लागि शारीरिक अस्वस्थताका वावजुद पनि जीवनको अन्त्यसम्म साहित्य साधनामा अहर्निश समर्पित व्यक्तित्व, मूर्धन्य साहित्यकार, प्रकाण्ड विद्वान प्रा.डा. वेणीमाधव ढकाल ७५ वर्षको उमेरमा २०८१ बैशाख १८ गते मंगलवारका दिन काठमाडौंस्थित आृनै निवासमा यसलोकबाट परलोकमा महाप्रस्थान भए । प्रा. डा. वेणीमाधव ढकालको जन्मभूमि पाल्पा भएतापनि कार्यसम्पादनको सिलसिलामा अधिकाशं कर्मभूमि काठमाडौं र बाह्रय क्षेत्रहरूमै भए । अध्ययन, कार्यसम्पादन र साहित्य साधनासंगै सफलताको सर्वोच्च शिखरमा पुगेका प्रा.डा.ढकालको जीवनी व्यक्तित्व कृतित्व र योगदानको सन्दर्भमा पाल्पाली स्रष्टा र द्रष्टाहरू अनभिज्ञनै थिए । यही परिप्रेक्ष्यमा विद्धताको कदर गर्दै राजेन्द्र गोपाल सिंह अध्यक्ष र यसै पक्तिकार सचिव रहेको समयमा पाल्पा साहित्य समाजले प्रा. डा. ढकालको कृतिहरू लोकार्पण र विमर्श गर्ने, योगदानमाथि चर्चा गर्ने,सम्मान सहित पुरस्कार समर्पण गर्ने कार्य गरेपश्च्छातनै अन्य स्रष्टा, द्रष्टा र संस्थाहरूले साहित्यकार ढकाललाई अध्ययन, मनन र सम्मान गर्दै आएका हुन् । स्थापित विद्वान अग्रज साहित्यकार प्रा.डा. ढकाललाई पाल्पाको साहित्यिक आकाशमा प्रतिष्ठापित गराउन पाउँदा समाज धन्य भएको छ । अहिले प्रा.डा. ढकालको भौतिक शरीर हामीहरूमाझ छैन् र पनि व्रमाण्डीय आकाशमा जवसम्म नेपाल नेपाली र पाल्पालीको अस्तित्व रहिरहन्छ तवसम्म मूर्धन्य साहित्यकार प्रा.डा. वेणीमाधव ढकाल अजर अमर र सदास्मरणीय पात्रको रूपमा रहिरहनेछन् । प्रा.डा.ढकालको स्वर्गीय आत्माको चिर शान्तिको कामना सहित शव्द श्रद्धाञ्जली ! परिवारजनमा हार्दिक समवेदना !

***(लेखक पाल्पा साहित्य समाजका अध्यक्ष र पाल्पाका स्थापित साहित्यकार हुन् ।)***

## पौराणिक र पर्यटकीय...

...२० लाख लागतका १३ वटा पोखरी निर्माण गरी रेनवाटर हारभेष्टिङ् कार्य, पिउने पानी पोखरी र रेसुङ्गा वनमा अनेकौ वनस्पति, जडिवुटि छन् । चितुवा, रतुवा र अनेक जंगली जनावर देख्न पाइन्छ । गाईहरुको लागि पानी पोखरी समेत निर्माण गरेको छ । ३० लाख जुटाइ यज्ञशाला क्षेत्रमा कम्पाउण्डवाल निर्माण गर्न संरक्षण समिति सफल भयो । नेपाल सरकार र पछि लुम्बिनी प्रदेश सरकार जलाधार संरक्षण कार्यालयले सिडि निर्माणमा २ करोड ५० लाख वजेट कार्यक्रम स्विकृत गरेकोमा संरक्षण समितिले २०७२ -८-१२ मा शुरु गरि २०७७ असारमा १ करोड ९० लाख मै कार्य संपन्न गर्यो । स्वर्गद्वारी आश्रमका गुरु भागवतानन्दका भक्त ईन्जिनीयर झविन्द्र ज्ञवालीबाट रु ५० लाख, विभिन्न संघ संस्थाहरु, रेसुङ्गा नगरपालिका समेतबाट थप सहयोग जुटाई २०७७ सालमा संरक्षण समितिले १ करोड ५० लाखमा गाई गोठ, गोपाल गृह र शौचालय निर्माण गरेको छ । थप १५ लाख सहयोग जुटाई गौशालामा रहेका गाईहरुको सुरक्षाका लागि २०७७ सालमा नै गौशालामा कम्पाउण्ड निर्माण गरेको छ संरक्षण समितिले । तत्कालिन कृषि सचिव डा.युवक ध्वज जि.सी.को पहलमा २५ लाख लागतमा मल प्रशोधन मिसिन र ५ लाख लागतमा पञ्चकव्य (गहूंत) प्रशोधन मिसिन व्यवस्था भएको छ । रेसुङ्गा गौशालाको प्रशोधित गहूंतको माग बढ्दो रुपमा छ । गौशालामा अहिले करिव २ सय गाईहरु रहेका छन् । तर संख्या थपघट भइरहन्छ । बृक्षारोपण गरी दिगो वातावरण संरक्षणमा समेत रेसुङ्गा संरक्षण समिति लागि रहको पाइन्छ । वर , पिपल र समिका प्रशस्त विरुवा रोपण गरिएको छ । कृषि ज्ञान केन्द्र तम्घासको सहयोग र ज्ञान केन्द्र प्रमुख नवराज भण्डारीको विशेष सक्रिय सहयोग जुटाई यज्ञशाला, विष्णु पादुका र सानो रेसुङ्गा जाने मार्गका किनाराम स्याऊ, ओखर, नास्पाती र जापानिज हुवावेद लगाएतका फलफूलका विरुवा रोपण गरी हुर्काउदै गरिरहेको छ संरक्षण समितिले । सानो रेसुङ्गामा २५ लाखको लागतमा सन्त निवास निर्माण, यस स्थानमा बाल ब्रह्मचारी फलाहारी स्वामी तदर्थानन्द (तारा गुरु) २० वर्ष देखि तपस्यारत हुनुहुन्छ र २० लाखको लागतमा ऋष्यशृङ्गो विग्रह सहितको कुटि निर्माण रेसुङ्गा संरक्षण समितिले गरेको छ । यस लेखमा अगाडि उल्लेख गरियो कि रेसुङ्गा छ र ऋष्यशृङ्ग पाइयो, ऋष्यशृङ्ग थिए र पो राम पाइयो । अर्थात रेसुङ्गा र अयोध्या अनि रेसुङ्गा र त्रेता युग देखिको अन्तर सम्बन्ध छ । यसै पौराणिक महत्वलाई मनन गरि रेसुङ्गा संरक्षण समितिले २०८० साल बैशाख २२ गते देखि ३१ गते सम्म श्रीराम महायज्ञ, श्रीराम कथा प्रवचन एवंम् विराट सन्त भक्त दर्शन मेला आयोजना गरेर रेसुङ्गाको महिमा अयोध्या , वनारस, हरिद्वार, वृन्दावन, देहरादुन , राजस्थानसम्म फैलाउन सफल भयो । अयोध्या पुरानो राम मन्दिरका पिठाधिश स्वामी राजेन्द्र नन्दनको प्रमुख आचार्यत्वमा राजस्थानका योगि शंभुनाथ व्यासाचार्षबाट श्रीराम कथा वाचन, हरिद्वार, वृन्दावन, बनारस, देहरादुनका पण्डाहरुबाट लक्ष्य होमन, कन्या पुजन समेत गरी भारतका ४० भन्दा वढी र नेपालका सन्तहरु समेतको सहभागितामा महामहोत्सव भव्यताका साथ संपन्न गर्न रेसुङ्गा संरक्षण समिति सफल भयो । लाखौ संख्यामा नेपाली दर्शानार्थीको उपस्थिति रहेको थियो । उक्त कार्यमा तम्घासका व्यवसायी गिरीराज रेग्मीले झण्डै ७ लाख बराबरको खाद्यान्न, तरकारी, फलफूल र प्रसाद सन्त महन्त, अतिथि र दर्शनार्थीलाई खुवाउनु भयो , हवन तथा खानका लागि २ लाख बढिको घिऊ, दुध, दही वस्नेत दुग्ध डेरीका युद्धबहादुर जिसीले उपलब्ध गराउनु भयो । दरवार गा.पा. गौडाकोटका ई टोपबहादुर बस्नेतले रु १,५१, १११, रे.न.पा. १ मिलनचौकका यज्ञ प्रसाद शर्मा पन्थीले रु १,२५,५२५ , दरवार गा.पा. ४ चारपालाका फर्सबहादुर कार्कीले रु ५१, १११, इस्मा गा.पा. कार्यालय गुल्मीले रु १,११,१११ र छत्रदेव गा.पा.अर्घाखांची कार्यालयले रु २५ हजार नगद सहयोग गरे । अन्य विभिन्न संघसंस्था, दाताहरुवाट नगद गरि ६५ लाख महामहोत्सवमा संकलन भई खर्च कटाइ २९ लाख वचत गर्न सफल भएको कोषाध्यक्ष नेत्र वहादुर बस्नेत क्षेत्रीले जानकारी दिनु भयो । २०२१ सालवाट २०४२ को बीचमा झण्डै चर्चा हराएको रेसुङ्गालाई संरक्षण समितिले पुनर्जागरण गरि २०७० सालदेखि संरक्षणका क्षेत्रमा ठूलै उपलब्धी हासिल भएको छ । अध्यक्ष सुरेश चन्द्र भुसाल विस्व हिन्दू महासंघ जिल्ला अध्यक्ष र केन्द्रीय सदस्य, योग प्रशिक्षक र पतञ्जलीको जिल्ला अध्यक्ष, रेसुङ्गा क्याम्पस व्यवस्थापन समिति उपाध्यक्ष र कार्यवाहक अध्यक्ष, किसान संघका केन्द्रीय सदस्य, नेपाली कांग्रेस जिल्ला सभापति, युवक संगठनको जिल्ला सभापति भै कार्यअनुभव भएका, माओवादी सशस्त्र विद्रोहका कठिन समयमा पनि जिल्ला नछोडि जनताका सेवामा निरन्तर खटिएका र उच्च सदाचारी व्यक्ति भएकाले पनि संरक्षण कार्यमा सहयोग जुटाउन सहज भएको भन्नु हुन्छ सहसचिव यज्ञ प्रसाद पन्थी । उपाध्यक्ष त्रय थम्मन खड्का, मति प्रसाद खनाल, राजेन्द्र पाण्डे, सचिव गोपाल पन्थी, कोषाध्यक्ष, सहसचिव र कार्य समितिका २७ जनाको सक्रियताले गर्दा संरक्षणमा योगदान पुगेको हो भन्नु हुन्छ अध्यक्ष । गौशालाको खर्च धान्न मुस्किल छ भन्नु हुन्छ कोषाध्यक्ष । १३ जना हेरालुलाई खानपिन, वस्न, पारिश्रमिक गाईको दाना,घास, पानी जुटाउन हम्मे रहेछ । ५०० जनाले दैनिक १ रुपैयाँ र गौशालाका आजिवन सदस्यता नै मुख्य आधार रहेछ । तर आजिवन सदस्य धेरै नै कम रहेछन् । रेसुङ्गामा पुग्ने धार्मिक पर्यटकका लागि १५० देखि २०० लाई खाना र बास वस्न सक्ने गरी संरक्षण समितिले प्रवन्ध समेत गरेको छ । यसका लागि दाताहरुले सिलिपिंग व्याग, सिरक, डसेना, तकिया, वासिङ् मेसिन समेत दिएका छन । उसो त नजिकै सुविधा सम्पन्न होटेलहरु प्रशस्त छन् तम्घासमा ।

**जाऊं हिड रेसुङ्गा अभियान :** रेसुङ्गा नगरपालिकाको आयोजनामा मिति २०८१ बैशाख २० गते अनुपम फुडल्याण्ड वत्तिसपुतली काठमाडौंमा भव्य कार्यक्रम सम्पन्न भयो । संयोजक रहनु भएका योगराज शर्मा कणेलको सक्रियता र गुल्मेली अधिकृत समाजले प्रभावकारी सूचना संप्रेषण गरेकाले करिव ८ सयको उपस्थिति देखिन्थ्यो । सम्माननीय प्रधानमन्त्रीको प्रमुख आथित्यता भएकाले पनि कार्यक्रम भव्य थियो । पूर्व मुख्य सचिव लिलामणी पौड्यालले वर्तमान सरकारको न्यूनतम साझा कार्यक्रमा पर्यटन र वातावरण प्राथमिकतामा रहेकाले रेसुङ्गाको विकासमा सरकारको ध्यान जाओस् भनि स्वागत मन्तव्य राख्नु भयो । रेनपाका मेयर खिलध्वज पन्थीले रेसुङ्गाको ऐतिहासिक, पुरातात्विक, धार्मिक र पर्यटकीय महत्वको बारेमा प्रकाश पार्दै प्रधानमन्त्रीलाई गुल्मी आउन, मन्त्रिपरिषदको एउटा बैठक रेसुङ्गामा गर्न समेत निमन्त्रणा र अनुरोध गर्नुभयो । प्रधानमन्त्री ज्यूले गुल्मी आउने र रेसुङ्गाको विकासमा सहयोग गर्ने, गुल्मी आगलागी पीडितलाई सहयोग गर्ने बचन दिनु भयो । संस्कृति,पर्यटन तथा नागरिक उड्ययन मंन्त्री, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री, माननीयहरु चन्द्र भण्डारी, गोकर्ण विष्ट, सूर्य थापा, विष्णु कुमारी सापकोटा, पूर्व सभासद कमला विकले संबोधन गर्नुभएको कार्यक्रमा गुल्मीका लुम्बिनी प्रदेश माननीय सदस्यहरु, नेपाल सरकारका वहालवाला र पूर्व सचिवहरु, केन्द्रीय, प्रदेश र जिल्लाका गुल्मेली नेताहरु, केहि संख्यामा विभिन्न जिल्लाका र काठमाडौमा रहेका गुल्मेलीहरुको उल्लेख्य उपस्थिति देखिन्थ्यो । गुल्मेली कलाकारले गीत गाएर सभा गुञ्जायमय भएको थियो भने पत्रकारहरुको बाक्लो उपस्थिति थियो । कार्यक्रम सञ्चालन इस्मा गापा अध्यक्षले गर्नु भएको थियो । सम्माननीय प्रधानमन्त्री ज्यूको उपस्थितिले आयोजक र सहभागी प्रफुल्लित देखिन्थ्ये ।

यस अभियानले रेसुङ्गाको प्रचारमा ठूलै उपलव्धी हुने आशा पलाएको छ । कार्य व्यस्तताका कारण प्रम ज्यूले शुरुमै सम्वोधन गरी हिड्नासाथ सहभागीहरु ७५ प्रतिशत हल बाहिर निस्केर विभिन्न समुहमा कुराकानी गर्न, फोटो खिच्न र समीक्षा गर्न व्यस्त देखन्थे । कयौ पटक रेसुङ्गा पुगेका र गुल्मीकै भएर होला हलभित्रको भाषण चलिरहँदा कुर्सिहरु दुई तिहाई खाली थिए । हल वाहिर भने अन्त्य सम्म ठूलै उपस्थिति थियो । प्रदेश माननीय समेत मञ्चमा आसन र मन्तव्य राख्न नपाएकाले बाहिरै कुरा राखिरहेका थिए । रेसुङ्गाको प्रचार गर्न आयोजित कार्यक्रमा रेसुङ्गा संरक्षण समितिका अध्यक्ष र रेसुङ्गामा विगत २० वर्षदेखि अन्न नखाई तपस्यारत फलाहारी आवाल ब्रह्मचारी स्वामी तदर्थानन्दलाई यथोचित स्थान र मन्तव्य राख्ने व्यवस्था नगरेकोमा आश्चर्य प्रकट गर्दै कार्यक्रम राजनीतिक आमसभा जस्तो भयो भन्ने बाक्लै गाइगुई चलेको सुनिन्थ्यो । प्रधानमन्त्रीलाई रेसुङ्गामा क्याविनेट बैठक गर्न अनुरोध गर्दा हामीले यतिवटा कार्यपालिका बैठक र नगर सभा गरेका छौ रेसुङ्गामा भन्ने आधार भए कति जाति सुनिने थियो, राम कथा लगाउँदा तम्घास- रेसुङ्गा सार्वजनिक यातायात खर्च दिउला भनेको आश्वासन एक वर्ष हुँदा पनि पुरा भएन, टिशर्ट वितरण गर्नु भन्दा गाइको दाना पानीका लागि खर्च दिएको भए राम्रो काम हुनेथ्यो, रेसुङ्गा वनमा गाउँलेहरुले जथाभावी दाउरा लैजानाले दिन प्रतिदिन वन पातलिएर मासिदैछ । वर्षैपिच्छे रेसुङ्गामा हुने आगलागि रोक्न प्रतिरोधात्मक काम गर्न, सुकेका र लडेपढेका दाउरा उठाई राजस्व आम्दानी गरे हुन्थ्यो । सम्बन्धित स्थानीय सरकारले भन्नु हुन्छ संरक्षण समितिका कोषाध्यक्ष । जानकारी मुलक लिफलेटको भने तारिफ भएको पाइयो । लिफलेटलाई अझ परिमार्जन गरेर हिन्दी, अंग्रेजीमा समेत बनाएर भारतका अयोध्या लगायत ठाउँमा पुर्याउन सके विदेशी पर्यटक आउथे भन्ने भनाई पनि अभियानमा सुनिन्थ्यो । तानसेन रानीमहल, रिडी हृषीकेश, मुक्तिनाथ, छत्रदेव, अर्घाभगवती, सुपादेउराली,पाणिनी तपोभूमि, स्वर्गद्वारी, लुम्बिनीलाई जोडेर धार्मिक पर्यटकीय सर्किटको एकीकृत अवधारणा ल्याउन सकेमा थप उपलव्धी हासिल गर्न सकिने तर्फ पहल गर्नु श्रेयस्कर हुने देखिन्छ । गत बैशाख ३० गते रेसुङ्गा जाउँ भनि गुल्मेली अधिकृत समाजले पनि प्रचार गरको थियो । काठमाडौंमा रहेका गुल्मेलीमा भन्दा पनि अरु ठाउँ विशेष गरी भारतमा प्रचार पुर्याउन अभियानले सार्थकता पाओंस् । भ्रमण गरौं नेपालको गुल्मी, दर्शन गर्न रेसुङ्गा तपोभूमि ।

# अवैध कारोबार गर्ने मेडिकल सञ्चालक पक्राउ



**लुम्बिनी,** वैशाख २७/बुटवलमा औषधिको अवैध कारोबार गर्ने मेडिकल सञ्चालक पक्राउ बुटवलमा मेडिकल पसल राखेर चिकित्सकको सिफारिसबिना अवैधरूपमा औषधिको कारोबार गर्ने एक जना मेडिकल सञ्चालकलाई प्रहरीले पक्राउ गरेको छ । बुटवल उपमहानगरपालिका-११ कालिकानगरस्थित कालिकापथमा बैदवार फार्मेसी नक्कली नाम राखेर लागूऔषधको रूपमा औषधिको कारोबार गर्न मेडिकल सञ्चालन गर्दैआएका अछामको तुर्माखाँद गाउँपालिका-८ घर भएका कमलबहादुर विकलाई प्रहरीले पक्राउ गरेको हो ।

पक्राउ परेका विकले मान्यता प्राप्त चिकित्सकको प्रेस्क्रिप्सनबिना बिक्री वितरण गर्न नहुने औषधि बिक्रिवितरण गरेको पाइएको जिल्ला प्रहरी कार्यालय रुपन्देहीले जनाएको छ । प्रहरीका अनुसार विकले बुटवल उपमहानगरपालिका-८ मा दर्ता रहेको डिस्कामुनी मेडिकल हलको प्रमाणपत्र राखेर बैदवार फार्मेसी सञ्चालन गर्दैआएका थिए । स्वास्थ्यजस्तो संवेदनशील क्षेत्रमा डाक्टरको सिफारिसबिना औषधि बिक्रीवितरण गर्ने गरेको र विभिन्न औषधि मिलाएर लागूऔषधका रूपमा युवालाई बिक्रिवितरण गर्ने गरेको पाइएपछि इलाका प्रहरी कार्यालय बुटवलले विकलाई नियन्त्रणमा लिएर अनुसन्धान थालेको जिल्ला प्रहरी कार्यालय रुपन्देहीले जनाएको छ । डाइसाक्लोमिन-९ हजार चार सय ट्याबलेट, प्रिगेस्टर पाँच सय ४२ ट्याबलेट, प्रिग्रा तीन सय ७० ट्याबलेट लगायतका औषधि चिकित्सकको सिफारिसबिना बिक्रीवितरण गर्ने गरेको पाइएको जिल्ला प्रहरी कार्यालय रुपन्देहीका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक मनोहरप्रसाद भट्टराईले जानकारी दिए ।

प्रहरीले मेडिकल सञ्चालक विकसहित स्याङ्जा जिल्ला, वालिङ् नगरपालिका-१३ बस्ने वर्ष २१ को ओम प्रकाश गैरे, रुपन्देही देवदह नगरपालिका-७ बस्ने वर्ष २९ को किरण दर्जी र बुटवल उपमहानगरपालिका-२ बस्ने वर्ष ३० को मनिस विकलाईसमेत नियत्रणमा लिई अनुसन्धान थालेको जनाएको छ । *-रासस*

# चिलाङदी-राम्दी मालारानी सडक पुन: बन्द हुने



**पाल्पा,** वैशाख २८/जिल्लाको बगनासकाली गाउँपालिका-९ स्थित चिलाङदी-चापपानी-राम्दी अन्तर्गत मालारानी सडक खण्ड पुन: बन्द हुने भएको छ । सो सडकमा ढलान सेट हुन र क्युरीङ गर्नु पर्ने भएकाले थप २१ दिन सडक बन्द हुने भएको हो ।

गत चैत २५ गतेदेखि यही ३० गतेसम्मका लागि पूर्ण रुपमा बाटो बन्द गरी ढलान निर्माण कार्य भएको छ । ढलान निर्माण कार्य सकिए पनि ढलान सेट हुन केही समय लाग्ने भएकाले पुन: समय थप गरिएको बगनासकाली गाउँपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत गुनाराम खनालद्धारा जारी सूचनामा उल्लेख छ । 'ढलान निर्माण कार्य सम्पन्न भइसकेता पनि ढलान सेट हुन थप २१ दिन आवश्यक पर्ने भएकाले आवागमन बन्द गर्ने कार्यमा सहजीकरण गरिदिनुहुन भनि पत्रद्धारा लेखि आएको हुँदा उक्त बाटोमा ढलान सेट हुन र क्युरीङ गर्नु पर्ने भएकाले २०८१/१/३० गतेदेखि २०८१/२/२० सम्म थप २१ दिन उक्त बाटोमा सवारी आवागमन बन्द गरी सहयोग गरिदिनुहुन सूचित गरिन्छ' सूचनामा भनिएको छ ।

# संसदीय छानबिन

...संघीय निजामती सेवा ऐन लगायतका विधेयकहरू सदनमा जाओस् भनियो । हाम्रो जम्मा एउटा कुरा थियो । अहिले पनि त्यही कुरा मात्रै छ । सहकारीको ठगीको सन्दर्भमा यो संसद्ले छानबिन समिति बनाओस् । यो संसद्ले छानबिन समिति बनाउँदै गर्दा यो छानबिन समितिमा नेकपा एमाले बस्ने होला, माओवादी बस्ने होला । रास्वपा बस्ने होला । सबै बस्ने होला ।


त्यो त तपाईहरूकै हातमा छ । त्यो हामीले बनाउने होइन होला । मलाई कसैले आरोप लगाइदिए त मलाई त छानबिन समिति बनाई दिए हुन्थ्यो भन्ने लाग्छ । समिति बनाएर छानबिन गरिदिए आहा कति आनन्द हुन्थ्यो । सबैले थाहा पाउँथे । किन डराएको, किन भागेको ?' महामन्त्री थापाले कहिले प्रहरीलाई बोल्न लगाएको छ, कहिले प्रधानमन्त्रीलाई बोलाएको छ ।

हुँदाहुँदै कानूनले भन्छ- महान्यायाधिवक्ताले कुनै प्रभावमा पर्न नहुने, यहाँ त प्रभाव होइन, झुकाव राख्न नहुने समेत उल्लेख गरे । थापाले बोलेपछि सभामुख देवराज घिमिरेले नियमित कार्यसूचीमा अघि बढ्न खोजेका थिए । त्यसपछि काँग्रेस सांसदहरू नाराबाजी गर्दै वेल घेराउ गर्न पुगेका थिए । कांग्रेस सांसदहरुले वेल घेरेपछि सभामुख घिमिरेले बैठक १५ मिनेटका लागि स्थगित गरेका थिए । बैठक सुरु भए लगत्तै नेपाली कांग्रेस र लोकतान्त्रिक समाजवादी पार्टीका सांसद उठेर विरोध जनाएका थिए ।

त्यसपछि सभामुख देवराज घिमिरेले नेपाली कांग्रेसका महामन्त्री थापालाई भनाइ राख्न समय दिएका हुन । संसद्भित्र प्रमुख प्रतिपक्षी दलले गम्भीरतापूर्वक विषय उठाइसकेपछि सुनुवाइ हुनुपर्ने थापाको भनाइ थियो । सभामुखले उपप्रधान तथा गृहमन्त्री लामिछानेको मागअनुसार बोल्न समय दिएपछि कांग्रेसले निरन्तर रोष्ट्रम घेराउ गर्दै नाराबाजी गरेपछि सभामुख घिमिरेले जेठ १ गतेसम्मका लागि बैठक स्थगित गरे ।

## खेलकुद समाचार

### विश्वकप खेल्ने श्रीलंकाको टोली घोषणा



**काठमाडौं,** नेपालको समूह डी मा रहेको श्रीलंकाले अर्को महिना वेष्टइण्डिज र अमेरिकामा हुने टी-२० विश्वकप खेल्ने १५ सदस्य टोली घोषणा गरेको छ । वानिन्दु हसरंगाको कप्तानीमा घोषणा टोलीमा अनुभवी ब्याटर एन्जिलो म्याथ्युज पनि अटाएका छन् । तीव्र गतिका बलर मथिसा पाथिराना, विकेटकपर कुशल मेन्डिस र चरिथ असलंका जस्ता खेलाडी श्रीलंकाको टोलीमा छन् ।

श्रीलंकाले सन् २०१४ को टी-२० विश्वकप फाइनलमा भारतलाई हराउँदै उपाधि जितेको थियो । त्यसपछि भने विश्वकपमा श्रीलंकाको प्रदर्शन राम्रो छैन । समूह डी मा नेपाल, श्रीलंका, नेदरल्यान्ड्स, बंगलादेश र दक्षिण अफ्रिका छन् । श्रीलंकाले ३ जुनमा दक्षिण अफ्रिकासँग खेल्दै सुरुवात गर्नेछ । श्रीलंकाले नेपालसँग १२ जुनमा खेल्नेछ ।

**श्रीलंकाको टोली :**
वानिन्दु हसरंगा (कप्तान), चरिथ असलंका (उपकप्तान), कुशल मेन्डिस, पाथुम निसंका, कामिन्दु मेन्डिस, सदिरा समाराविक्रमा, एन्जिलो म्याथ्युज, दासुन शानका, धनन्जय डि सिल्भा, महेश थिक्सेना, दुनिथ वेलालागे, दुश्मन्था चामिरा, मथिसा पाथिराना, नुवान थुशरा र दिलशान मदुशानका ।

## सर्टिफिकेट हराएको सूचना

मिति २०८०/१२/१८ गते पाल्पाको छहरादेखि हार्थोक आउँने क्रममा रैनादेवी छहरा-६, पाल्पा बस्ने मिन बहादुर रास्कोटीको प्लस टु को माईग्रेसन सर्टिफिकेट हराएकाले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध छ ।
**नाम :** मिन बहादुर रास्कोटी
**ठेगाना :** रैनादेवी छहरा-६, पाल्पा
**रजिष्ट्रेसन नम्बर :** ७२४७५९०१८
**सिम्बल नं. :** २४७०२५३०
**सम्पर्क नं. :** ९८४८४७९४२२

वर्गिकृत डिस्प्ले
*१X ५ साइजमा मात्र*
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्कः ०७५-५२०६०१

## कर्पोरेट/अर्थ समाचार

# सुनको मूल्य दुई हजार तीन सयले बढ्यो




**पाल्पा,** वैशाख २८/ सुनको मूल्य शुक्रबार फेरी बढेको छ । स्थानीय बजारमा पहेँलो धातुको मूल्य तोलामा दुई हजार तीन सयले बढेको हो ।

नेपाल सुनचाँदी व्यवसायी महासंघका अनुसार, छापावाला सुन बिहीबार प्रतितोला एक लाख ३५ हजार छ सयमा कारोबार भएको थियो । बढेर छापावाला सुन तोलामा एक लाख ३७ हजार नौ सय बराबरको मूल्य निर्धारण भएको छ । त्यस्तै, तेजाबी सुन बिहीबार प्रतितोला एक लाख ३४ हजार नौ सय ५० मा कारोबार भएको थियो । अहिले बढेर तेजाबी सुन एक लाख ३७ हजार दुई सय ५० निर्धारण भएको छ । यसैगरी, चाँदी भने तोलामा ५० ले बृद्धि भएको छ । बिहिबार प्रतितोला एक हजार छ सय ८५ मा कारोबार भएकामा शुक्रबारका लागि भने एक हजार सात सय ३५ निर्धारण भएको जनाइएको छ । सुनको भाउले यतिबेला विश्व बजार नै तातेको छ । अन्तर्राष्ट्रिय बजारमा एकपछि अर्को उचाइ लिएको सुनले नेपालमा पनि नयाँ कीर्तिमान बनाइरहेको छ । अन्तर्राष्ट्रिय कमोडिटी बजारमा हुने माग र आपूर्तिले सुनको मूल्य निर्धारण हुन्छ । जब अन्तर्राष्ट्रिय कमोडिटी बजारमा सुनको माग र आपूर्ति बढी प्रभावित हुन्छ, मूल्य पनि उच्च दरमा घटबढ हुन्छ । यतिबेला अन्तर्राष्ट्रिय बजारमा सीमित आपूर्तिबीच सुनको माग उच्च दरले बढ्दा मूल्यमा असर परिरहेको छ । नेपालमा हाल दैनिक २० किलो सुन आयात गर्न सक्ने व्यवस्था छ । वैदेशिक रोजगारमा रहेकाले ५० ग्रामसम्म सुनका गहना ल्याउन पाउने व्यवस्था छ । सुनको मूल्य बढ्दा नेपालबाट बाहिरिने विदेशी मुद्रा बढ्न जान्छ । विदेशी मुद्रा सञ्चिति घटेका बेला यसले नकारात्मक असर पार्न सक्छ ।

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।

®जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com डिजिटल पत्रिका

कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई